तिनीहरू यस्ता मानिसहरू थिए, जब तिनीहरूमध्ये कुनै धर्मी व्यक्तिको मृत्यु हुन्थ्यो, तिनीहरूले उसको चिहानमाथि मस्जिद बनाइदिन्थे

उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्: उम्मे सलमा (रजियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई हबशा (इथियोपिया) मा देखेको मारिया
नामको चर्च र त्यस भित्र कोरिएका तस्बिरहरू बारे बताउनुभयो । तब उहाँले भन्नुभयो : "तिनीहरू यस्ता मानिसहरू थिए, जब तिनीहरूमध्ये कुनै धर्मी व्यक्तिको मृत्यु
हुन्थ्यो, तिनीहरूले उसको चिहानमाथि मस्जिद बनाइदिन्थे र त्यसमा यी चित्रहरू
राख्थे । तिनीहरू अल्लाहको नजरमा सबैभन्दा खराब प्राणी हुन् ।"
[सही] [मुत्तफकुन अलैहि]

उम्मे सलमा (रजियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई हबशा (इथियोपिया) मा हुँदा देखेको कुराहरु प्रति आश्चर्य मानेर मारिया नामको चर्चमा देखेको तस्वीर, चित्रहरू र सजावटहरू बारे बताउनुभयो , उनको कुरा सुनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चर्चहरूमा ती चित्रहरू राख्नुको कारण स्पष्ट पार्नुभयो; उहाँले भन्नुभयो: "तिमीले जसको बारेमा बयान गर्यौ, तीमध्ये जब कुनै धर्मी व्यक्तिको मृत्यु हुन्थ्यो, उनीहरू उसको चिहानमा मस्जिद बनाइदिन्थे र त्यसमा नमाज पढ्थे र त्यसभित्र तस्बिरहरू राख्ने गर्थे। उहाँले यसलाई थप व्याख्या गर्दै भन्नुभयो, 'यस प्रकारको काम गर्ने व्यक्ति अल्लाहको दृष्टिमा सबैभन्दा खराब सृष्टि हो; किनभने उसको यो कार्यले शिर्कको ढोका खोल्छ।

http://www.sunnah.global/hadeeth/ne/show/10887